# आधुनिक दासत्व सम्बन्धी कथन

**मे 2023**

## कम्पनीको संक्षिप्त परिचय

Verisk (Nasdaq: VRSK) संयुक्त अधिराज्यमा अवस्थित धेरै अप्रत्यक्ष, पूर्ण स्वामित्वमा रहेका सहायक कम्पनीहरूको अमेरिकामा अवस्थित मूल कम्पनी हो। जर्सी सिटी, न्यू जर्सीमा मुख्यालय रहेको Verisk विश्वव्यापी बिमा उद्योगका लागि एक अग्रणी रणनीतिक डेटा विश्लेषण तथा प्रविधि साझेदार हो। यसले ग्राहकहरूलाई कार्यसञ्चालन दक्षता सुदृढ गर्न, अन्डरराइटिङ र दाबी परिणामहरू सुधार गर्न, ठगीसँग लड्न र जलवायु परिवर्तन, जटिल घटना, राजनीतिक विषयहरू र ESG सवालहरू लगायत विश्वव्यापी जोखिमहरूको बारेमा सूचित निर्णयहरू गर्न सक्षम बनाउँछ। उन्नत डाटा एनालिटिक्स, सफ्टवेयर, वैज्ञानिक अनुसन्धान र गहन औद्योगिक ज्ञान मार्फत, Verisk ले व्यक्ति, समुदाय र व्यवसायहरूका लागि विश्वव्यापी लचिलोपन निर्माण गर्न मद्दत गर्दछ। Verisk ले निरन्तर रूपमा Great Place to Work® द्वारा प्रमाणीकरण प्राप्त गर्दछ र टोलीका सबै सदस्यहरूले आफू सोही समूहको सदस्य हुँ भन्ने भावना महसुस गराउने समावेशी संस्कृतिलाई बढावा दिन्छ। Verisk UN Global Compact मा सहभागी छ। थप जानकारीका लागि, [Verisk.com](Verisk.com) र [Verisk Newsroom](Verisk Newsroom) हेर्नुहोस्।

ज्ञानमा आधारित व्यवसायको नाताले, Verisk ले विश्वभरका करिब 9,000 कर्मचारीहरूको सीप र प्रतिभालाई ध्यानपूर्वक समायोजन गर्दछ। हाम्रो उच्च प्रमाणीकरण प्राप्त टोलीले एक्चुरियल विज्ञान, डाटा विज्ञान र कृत्रिम बौद्धिकता, इन्जिनियरिङ, भूविज्ञान, GIS म्यापिङ, मौसम विज्ञान, प्राकृतिक स्रोतहरू, भविष्यवाणी एनालिटिक्स, आपूर्ति शृङ्खला र अन्य क्षेत्रहरूमा विशेषज्ञता हासिल गरेका उन्नत डिग्री र व्यावसायिक प्रमाणपत्र प्राप्त गरेका छन्।

डिसेम्बर 31, 2022 सम्म वास्तविक कर्मचारी संख्या 8,963 जना रहेको निर्धारण गरिएको थियो। Verisk का लगभग 80 प्रतिशत कर्मचारी अमेरिका, क्यानाडा र बेलायतमा कार्यरत थिए। लगभग 6 प्रतिशत भारतमा कार्यरत थिए, बाँकी कर्मचारी विश्वका 31 देशहरूमा सेवारत थिए।

त्यस बाहेक, Verisk ले डिसेम्बर 31, 2022 सम्म 1,595 क्याजुअल कर्मचारीहरूबाट सेवा प्राप्त गर्‍यो। लगभग 70 प्रतिशत क्याजुअल कर्मचारी अमेरिका, क्यानाडा र बेलायतमा कार्यरत थिए। अर्को 26 प्रतिशत भारतमा कार्यरत थिए, बाँकी कर्मचारी विश्वका 17 देशहरूमा सेवारत थिए। माथि उल्लेख गरिएको विवरणमा पूर्णकालीन, आंशिककालीन र पाछि सन् 2023 को पहिलो त्रैमासिकमा Verisk ले बिक्री गरेका व्यवसायहरूसँग सम्बन्धित कर्मचारी लगायत अस्थायी कर्मचारीहरू समावेश छन्।

©Verisk Analytics Inc., 2023. सर्वाधिकार सुरक्षित।

Verisk उत्पादन कार्यहरूमा संलग्न हुँदैन र हाम्रो कुनै पनि टियर 1 खरिद खर्चहरू प्रायः आधुनिक दासत्वको उच्च जोखिमसँग सम्बन्धित कृषि वा प्राकृतिक स्रोतको दोहन गर्ने जस्ता उद्योगहरूमा पठाइएको छैन। खरिद खर्चहरू सामान्यतया कर्मचारीहरूको भौगोलिक फैलावट र हाम्रो कार्यसञ्चालनको प्रकृतिसँग मिल्दोजुल्दो भइरहने गर्दछ। हाम्रो पहिलेका कथनहरूमा जस्तै, सबैभन्दा ठूलो खरिद खर्च श्रेणीहरूमा कार्यालयको भाडा, बिजुली, पानी आदि, फर्निसिङ, भवनसँग सम्बन्धित सेवा र कार्यालय सामग्रीहरू; IT सँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर र सेवाहरू; व्यावसायिक सेवा र परामर्श शुल्क; सार्वजनिक र गैर-सार्वजनिक निकायहरूबाट खरिद गरिएको डाटा र बिमा पर्दछन्।

## आधुनिक दासत्व जोखिम मूल्याङ्कन

Verisk ले आवधिक रूपमा कार्यसञ्चालन र आपूर्ति शृङ्खलाहरूमा अतिरिक्त वित्तीय जोखिम पहिचान र न्यूनीकरण गर्न आधुनिक दासत्व जोखिम मूल्याङ्कन गर्दछ।

- व्यावसायिक सेवा कम्पनीको नाताले, हामीलाई हामी हाम्रो जनशक्तिमा आधुनिक दासत्वको उल्लेख्य जोखिममा छौँ भन्ने विश्वास छैन। यद्यपि, एक अग्रसक्रिय उपायको रूपमा, हामी कर्मचारी सचेतना र प्रशिक्षणमा जोड दिन्छौँ।
- हामी कम्पनीका आपूर्तिकर्ताहरूसँग सम्बन्धित आधुनिक दासत्व जोखिमलाई सम्बोधन गर्ने आवश्यकतालाई मान्यता दिन्छौँ। आधुनिक दासत्वको उच्च जोखिम भएका देशहरूमा Verisk ले खर्च गर्ने कारणले यो कदम आवश्यक छ, चाहे खर्च निरपेक्ष रूपमा थोरै भए पनि। आपूर्ति शृङ्खलाको तल्लो तहमा आपूर्तिकर्ताहरू नकारात्मक गतिविधिमा संलग्न हुने सम्भावना पनि त्यत्तिकै छ।

## आधुनिक दासत्व र मानव अधिकारलाई सम्बोधन गर्न Verisk ले चालेका कदमहरू

नैतिक व्यावसायिक अभ्यासहरूप्रति हाम्रो विश्वव्यापी प्रतिबद्धता बमोजिम, Verisk को सञ्चालक समितिले 2022 मा संगठनव्यापी मानव अधिकार नीति अवलम्बन गऱ्यो। यस नीतिले विविध अधिकाहरूलाई सम्बोधन गर्दछ र विशेष गरी कुनै पनि प्रकारको दासत्व, जबरजस्ती, बँधुवा, बन्धक, अनैच्छिक श्रम वा मानव बेचबिखनको प्रयोगलाई निषेध गर्दछ। त्यसका साथै Verisk हामीले व्यवसाय सञ्चालन गर्ने क्षेत्रहरूमा लागू हुने मानव अधिकार कानुन तथा नियमहरू बमोजिम कार्य गर्न प्रतिबद्ध छ; यद्यपि, हामीलाई त्यस्ता कानुन तथा नियमहरू अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारहरू नियन्त्रण गर्ने अपेक्षाहरूभन्दा न्यून रहेको लागेमा वा त्यस्तो अवस्था भएमा, हामी हाम्रो संस्कृति र मूल्यमान्यताहरू अनुरूप व्यवसाय सञ्चालन गर्ने प्रयास गर्ने छौँ भनी नीतिमा उल्लेख गरिएको छ।

Verisk को मानव अधिकार नीति पढ्न यहाँ क्लिक गर्नुहोस्

©Verisk Analytics Inc., 2023. सर्वाधिकार सुरक्षित।

- **हाम्रो व्यावसायिक आचार संहिता र नैतिकताले आधुनिक दासत्वलाई विशेष ढङ्गले निषेध गर्दछ।**

  आधुनिक दासत्वका कार्यहरूमा सहायता गर्ने, उक्साउने वा भागिदार हुने कर्मचारी, आपूर्तिकर्ता वा व्यावसायिक साझेदारहरूलाई रोजगारी वा सम्झौताको खारेजी लगायत दण्डको भागी हुन सक्छन्। संहिताले सबै पक्षहरूलाई आधुनिक दासत्व वा मानवअधिकार उल्लङ्घनहरू समावेश हुन सक्ने घटनाहरू कम्पनी व्यवस्थापनलाई वा Verisk को गोप्य ह्विसलब्लोअर हटलाइन मार्फत रिपोर्ट गर्न प्रोत्साहित गर्दछ, जुन यहाँ पाउन सकिन्छ।

  हाम्रो व्यावसायिक आचार संहिता र नैतिकता पढ्न यहाँ क्लिक गर्नुहोस्।

- **हाम्रो आपूर्तिकर्ता आचार संहिताले आपूर्ति शृङ्खलाभित्र आधुनिक दासत्वलाई विशेष रूपमा सम्बोधन गर्दछ।**

  हाम्रो आपूर्तिकर्ता आचार संहिता Verisk का आपूर्तिकर्ताहरूलाई वितरण गरिएको छ। आपूर्तिकर्ताहरूले कुनै पनि प्रकारको दासत्व, जबरजस्ती, बन्धक, बँधुवा वा अनैच्छिक श्रम वा मानव बेचबिखनलाई अस्वीकार गर्ने अपेक्षा गरिन्छ। त्यस बाहेक, Verisk खातामा सेवा प्रदान गर्न नियुक्त भएका तिनका कर्मचारी, एजेन्ट र उप-ठेकेदारहरूलाई आपूर्तिकर्ता आचार संहिता प्रावधानहरू सञ्चार गर्न बाध्य हुन्छन् र उनीहरूलाई आधुनिक दासत्वका घटना र मानवअधिकार उल्लङ्घन सम्बन्धी सरोकारहरू Verisk र/वा गोप्य व्हिसलब्लोअर हटलाइनमा रिपोर्ट गर्न प्रोत्साहित गरिन्छ।

  हाम्रो आपूर्तिकर्ता आचार संहिता पढ्न यहाँ क्लिक गर्नुहोस्

  Verisk ले आफ्नो तर्फबाट, यी लेखापरीक्षणहरूको समयमा गोप्य रूपमा आपूर्तिकर्ताका कार्यस्थलहरूमा सूचना दिएर वा आकस्मिक रूपमा भ्रमण गर्ने र कर्मचारीलाई अन्तर्वार्ता लिन सक्ने अधिकार सुरक्षित राख्दछ। Verisk ले कुनै पनि उल्लङ्घनलाई सम्झौता खारेज लगायत उपयुक्त कारबाही गरेर सल्टाउने छ। गरिने कारवाही उल्लङ्घनको प्रकृतिमा निर्भर हुने छ र सम्झौता तथा स्थानीय कानुनका सर्तहरू अनुसार गरिने छ।

- **हामी वर्तमान र सम्भावित टियर 1 आपूर्तिकर्ताहरूलाई आधुनिक दासत्व जोखिमका लागि निगरानी गर्दछौँ।**

  हाम्रो चलिरहेको तेस्रो-पक्ष जोखिम न्यूनीकरण कार्यक्रमको एक अङ्गको रूपमा, हामी हाम्रा टियर 1 आपूर्तिकर्ताहरू प्रतिबन्धहरूको अधीनमा छन् - छैनन् भनेर निर्धारण गर्न अग्रणी जोखिम तथा अनुपालन संस्थासँग सम्झौता गर्दछौँ। संगठनले त्यस्ता आपूर्तिकर्ताहरू आधुनिक दासत्व वा अन्य मानव अधिकार उल्लङ्घनहरू लगायत कानुन वा नियमहरूको सम्भावित उल्लङ्घनमा संलग्न हुन सक्ने लगभग 200 देशहरूमा प्रकाशित समाचार स्रोतहरूबाट दैनिक रूपमा सामग्री स्क्यान गर्दछ। 2022 सालमा, 10,159 सक्रिय आपूर्तिकर्ताहरूलाई निरन्तर स्क्रीनिङ गरिएको थियो। लगभग 400 जोखिम अलर्टहरू ट्रिगर गरिएको थियो; सबैलाई अनुसन्धान गरी खारेज गरिएको थियो। कुनै पनि जोखिम अलर्टमा आधुनिक दासत्वको आरोप समावेश थिएन।

©Verisk Analytics Inc., 2023. सर्वाधिकार सुरक्षित।

- **भइपरी आउने कामदारहरू लगायत, सबै Verisk कर्मचारीहरूले कम्पनीको अनिवार्य वार्षिक प्रशिक्षण पाठ्यक्रमको अङ्गको रूपमा एक अनलाइन, अन्तरक्रियात्मक आधुनिक दासत्व प्रशिक्षण कार्यक्रममा सहभागी हुनुपर्ने हुन्छ।**

  जहिले पनि कम्पनीको आधुनिक दासत्वको जोखिमलाई न्यूनीकरण गर्ने प्रयासको मुख्य अङ्गको रूपमा रहेको कर्मचारी प्रशिक्षण, परिवर्तनशील परिस्थितिहरू, करारजन्य दायित्व र व्यावसायिक नैतिकतामा सुदृढ विश्वास र जिम्मेवार कार्यस्थललाई सम्बोधन गर्न निरन्तर विस्तार गरिन्छ।

  Verisk ले 2022 मा 14 नयाँ प्रशिक्षण पाठ्यक्रमहरू थपेको छ, जुन उत्पीडन विरोधी, कार्यस्थलमा विविधता र अन्य विषयहरूमा केन्द्रित थिए। यस्तो प्रशिक्षण अप्रिल 2022 मा लगभग सबै Verisk कर्मचारी र वैकल्पिक कामदारहरूले पूरा गरेका थिए।

- **2022 मा Verisk मानवअधिकार नीति अपनाइएपछि, वैकल्पिक कामदारहरू लगायत सबै Verisk कर्मचारीरूले वार्षिक रूपमा उनीहरूले मानव अधिकार नीति पढेका छन् भनी स्वीकार गर्नुपर्ने हुन्छ।**

  त्यस बाहेक, सबै नयाँ कामदार र वैकल्पिक कामदारहरूले उनीहरूको भर्ती प्रक्रियाको अङ्गको रूपमा आधुनिक दासत्व प्रशिक्षण र मानव अधिकार नीति स्वीकारोक्ति पूरा गर्ने अपेक्षा गरिन्छ।

©Verisk Analytics Inc., 2023. सर्वाधिकार सुरक्षित।

## निरन्तर प्रतिबद्धता

Verisk ले 2023 मा आधुनिक दासत्व लगायत विभिन्न दुर्व्यवहारलाई समेट्ने मानव अधिकार जोखिम मूल्याङ्कन गर्ने उद्देश्य लिएको छ। मूल्याङ्कनले भविष्यमा त्यस्ता जोखिमहरू सम्बोधन गर्ने प्रयासहरूलाई सूचित गर्ने छ।

त्यस बाहेक, Verisk ले माथि वर्णन गरिए अनुसार Tier 1 आपूर्तिकर्ताहरूको निरन्तर निगरानी गर्ने छ, सबै जोखिम अलर्टहरूको छानबिन गर्ने छ र आधुनिक दासत्वका सम्बन्धमा कुनै पनि समस्या उत्पन्न भएमा उपयुक्त कदम चाल्ने छ।

माथिका प्रतिबद्धताहरूको आधारमा, हामी यो कथन वार्षिक रूपमा अद्यावधिक गर्ने छौँ। Verisk वा आधुनिक दासत्वका सम्बन्धमा हाम्रो कथन बारे थप जानकारीका लागि, कृपया यहाँ सम्पर्क गर्नुहोस्: विश्वव्यापी अनुपालन नीति, नियमन तथा प्रशिक्षण

आधुनिक दासत्व सम्बन्धी यो कथन मे 17, 2023 मा Verisk को सञ्चालक समितिले अवलम्बन गरेको छ र कम्पनीको मुख्य वेबसाइटमा प्रकाशित गरिने छ।

Lee M. Shavel (ली एम. शाभेल)
प्रमुख कार्यकारी अधिकृत

©Verisk Analytics Inc., 2023. सर्वाधिकार सुरक्षित।